आज मिति २०७२।०७।१६ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर बोर्ड बैठक तपसिलको उपस्थितिमा बसियो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं-१
४. श्री सन्तोष सुवेदी - " २
५. श्री परशुराम राई - " ३
६. श्री चरण कुमार राई - " ४
७. श्री देवनारायण चौधरी - " ५
८. श्री कमलध्वज राई - " ६
९. श्री तेजराज तिम्सिना - " ७
१०. श्री श्याम बहादुर मगर - " ८
११. श्री प्रकाश राउत - " ९
१२. श्री राम कुमार खड्का - " १०
१३. श्री देवि कार्की - न०का०स०
१४. श्री जानुका कमर - न०का०स०
१५. श्री मदन कुमारी कार्की - "
१६. श्री विमला राई - "
१७. श्री डोमा शेर्पा - "
१८. श्री आस्मिता नेपाली - "
१९. श्री प्रमिला दनुवार - "
२०. श्री सुन्दर प्रकाश साह - "
२१. श्री राजेन्द्र कार्की - प्रमुख प्रशासकीय अधिकृत
२२. श्री नविन कुमार राई - लेखापाल
२३. श्री नेत्र बा० वि.क. - इन्जिनियर

प्रस्तावहरु

१. श्री अलेश्वरी जनता आधारभूत विद्यालय राख्नेहरुको माग सम्बन्धमा ।
२. वडा नं. ३ को गत आ.व. को रकम सम्बन्धमा ।
३. आर.एन.के.सा.सी. को माग सम्बन्धमा ।
४. वडा नं. ६ खनियाँटोलको नाला निर्माण भुक्तानी सम्बन्धमा ।

Scanned by CamScanner

५, कृषि तर्फको कार्यक्रम संशोधन सम्बन्धमा ।

६, नदिजन्य पदार्थ संकलन सम्बन्धी ठेक्का स्वीकृत गरी सम्झौता गर्ने सम्बन्धमा ।

७, फुटबल प्रशिक्षक सम्बन्धमा ।

८, मनोज खड्काको उपचार सम्बन्धमा ।

९, नेवाः समाजको माग सम्बन्धमा ।

१०, वर्साहा शनिवारे ब्याडमिन्टन क्लबको माग सम्बन्धमा ।

११, स्वास्थ्यको एन.पि.ए. भत्ता सम्बन्धमा ।

१२, विभिन्न वडाको खानेपानी मर्मत सम्भार सम्बन्धमा ।

१३, वडा नं. ६को शहरी स्वास्थ्य केन्द्र सम्बन्धमा ।

१४, गुणराज बरालको माग निवेदन सम्बन्धमा ।

१५, अमानतमा नदिजन्य पदार्थको राजस्व संकलन गर्नेको पारिश्रमिक सम्बन्धमा ।

१६, वडा नं. ५ को गत आ.व.को रकम सम्बन्धमा ।

(१७) त्रियुगा नदिको मुहान सम्बन्धमा ।

<u>छलफल तथा निर्णयहरु</u>

<u>नि.नं.१</u> प्रस्ताव नम्बर १माथि छलफल गर्दा श्री जलेश्वरी जनता आधारभूत विद्यालय (१-८) रानीटारको माग निवेदन अनुसार विद्यालयको अक्षयकोष स्थापनाको लागि नपा.को विनियोजित बजेटको उपयुक्त शीर्षकबाट रु.५,००,०००।- (पाँच लाख) उपलब्ध गराउने निर्णय गरियो ।

<u>नि.नं.२</u> प्रस्ताव नम्बर २माथि छलफल गर्दा वडा नम्बर ३को गत आ.व. २०७४/०७५मा विनियोजन भएको रकम मध्ये — रु.१५०,०००।- खर्च नभई बाँकी रहेको र उक्त रकम चालु आ.व.मा विविध शीर्षकमा कार्यालय संचालनको लागि खर्च गर्ने निर्णय सहित माग भइआएको हुँदा उक्त रकम सोही वडाको विविध शीर्षकमा खर्च गर्ने निर्णय गरियो ।

<u>नि.नं.३</u> प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा आर.एन.के. सोंधा समूहले लागू पदार्थ दुर्व्यसनी विरुद्ध जनचेतना मूलक सांगीतिक कार्यक्रम संचालनको लागि आर्थिक सहयोग माग गरेको हुँदा उक्त समूहलाई नपा.का १० वटै वडा तथा नगरको तर्फबाट एकमुष्ट रु. १,६०,०००।- एकलाख साठी

Scanned by CamScanner

हजार उपलब्ध गराउने निर्णय गरियो ।

<u>नि.नं.४</u> प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा वडा नम्बर ६ को खत्री टोलमा निर्माणाधिन अवस्थामा रहेको सडक नाला निर्माण कार्य ~~सम्प~~ सम्पन्न भई भुक्तानी माग भई आएको हुँदा उक्त योजनाको बाँकी भुक्तान गर्नु पर्ने रकम रु. न.पा.को ममत सम्भार (कृषि) बाट भुक्तान गर्ने निर्णय गरियो ।

<u>नि.नं.५</u> प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा चालु आ.व. ०७६/०७७ को स्वकृत कृषि तर्फको कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा आलु ,अदुवा ,बेसार, ओल आदीको बीउ वितरण कार्यको लागी रु. ८,००,०००।- विनियोजन भएकोमा कृषकहरुबाट आलुको अत्याधिक माग भएको र रु. १४,००,०००।- अनुदान आवश्यक पर्ने भएकोले उक्त ८,००,०००।- मा नपुग रकम रु. ६,००,०००।- कृषि यान्त्रिकरण कार्यक्रम शीर्षकबाट रु. ४,५०,०००।- र धान, मकै, गहुँको उन्नत बीउ वितरण शीर्षकबाट रु. १,५०,०००।- गरी आलुको बीउको रु. १४,००,०००।- भुक्तान गरिएको हुँदा – सोही बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

<u>नि.नं.६</u> प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा यस नपा.को नदी जन्य पदार्थ संकलन सम्बन्धि दर्ता हुन आएका बन्दाबन्दी बोलपत्र मध्ये तपसिल अनुसारका बोल पत्र हरुको ठेक्का स्वीकृत गरी सम्झौता गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. गिट्टी :- मनन कन्स्ट्रक्शन प्रा.लि. कबोल अंक रु. १,३५,६०,०००।- भ्याट सहित

२, बालुवा :- राउत कन्स्ट्रक्सन प्रा.लि. कबोल अंक रु. ८४,६५,०००।- भ्याट सहित

३, ढुंगा :- राउत कन्स्ट्रक्शन प्रा.लि. कबोल अंक रु. ५६,५०,०००।-

साथै उक्त ठेक्का हरुको सम्झौता गर्दा कबोल अंक एकमुष्ट बुझाउने ठेकेदार लाई कबोल अंकको १०% छुट दिई सम्झौता गर्ने साथै ठेकेदारले ४०% मात्र नगद बुझाई सम्झौता गर्न चाहेमा ६०% को बैंक ग्यारेन्टी बुझाई सम्झौता गर्न पाउने गरि सम्झौता गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.७ प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा यस नगरको खेलकुद क्षेत्रको विकास तथा व्यवसायिक खेलकुद विकासको लागि नगरका युवा खेलाडीहरूको क्षमता विकासको लागि खेल प्रशिक्षकको लागि आवश्यक परेको हुँदा सप्तरीमा रहेका कोच प्रकाश मल्ल लाई फुटबल प्रशिक्षणको निमित्त काजमा चौदण्डीगढी नपा. उदयपुरमा खटाई दिनको लागि तालिम तथा प्रशिक्षण विभाग सातदोबाटो ललितपुरमा पत्राचार गर्ने निर्णय गरियो ।

नि.नं.८ प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा वडा नं. १० बस्ने मनोज खड्का चौदण्डीगढी खेलकुद विकास समिति द्वारा संचालित प्रथम मेयर कप फुटबल प्रतियोगितामा फुटबल खेलिरहेको अवस्थामा लडी च्यापुमा ठुलो चोट लागेको र गापा क्याम्प धरानमा उपचार भई रहेको हुँदा निजको अप्रेशन समेत गर्नु परेकोले आर्थिक सहयोग वापत रु. १,००,०००।- एक लाख उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.९ प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा लोक संस्कृति संरक्षण तथा राष्ट्रिय लाखे नाच प्रतिष्ठान नारायणगढ चितवनको आयोजना संचालित राष्ट्रिय लाखे नाच प्रतियोगितामा यस नगरको तर्फबाट सहभागी नेवा समाजले उक्त कार्यक्रममा जाँदाको खर्च रकम माग गरेको हुँदा उक्त नेवा समाजलाई रु. ८९,६०० जनजाति तर्फको लक्षित रकम बाट दिने निर्णय गरियो ।

नि.नं.१० प्रस्ताव नम्बर १० माथि छलफल गर्दा बसाहा शानेबारे ब्याडमिन्टन क्लबले दोस्रो मेयरकप ब्याडमिन्टन प्रतियोगिता संचालनको लागी आर्थिक सहयोग माग गरेको हुँदा उक्त क्लबलाई रु. १,२२,०००।- खेलकुद तर्फको रकम बाट उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.११ प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा यस नपा. अन्तर्गत रहेका स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रमा संचालित प्रसुति केन्द्रहरूमा कार्यरत स्वास्थ्य कर्मी लाई स्था...

Scanned by CamScanner

ए. भत्ता उपलब्ध गराई काममा प्रोत्साहन गर्ने साथै प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारको सेवालाई २४ घण्टे बनाउनको लागि अतिरिक्त समयमा खटिने स्वास्थ्य कर्मीलाई एन.पि.ए भत्ता उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त भत्ता ~~को निकासा~~ उपलब्ध गराउने आवश्यक व्यवस्थाको लागि नपा. स्वास्थ्य शाखालाई जानकारी गर्ने निर्णय गरियो ।

<u>नि.नं.१२</u> प्रस्ताव नम्बर १२ माथि छलफल गर्दा यस खानेपानी नगरपालिकाका विभिन्न वडाका विभिन्न बस्तीहरूमा खानेपानीको समस्या भएको साथै केही खानेपानी योजनाहरू सम्पन्न हुन नसकी संचालन गर्न नसकिएको अवस्था रहेको हुँदा तपसिलका महत्वपूर्ण खानेपानीहरूको लागि अनुदान स्वरूप तपसिल अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

१. मूलखोला खानेपानी वडा नं. ९ मालमिन्ने रु. ५,००,०००।-
२. बसाहा खानेपानी तथा सरसफाई आयोजना वडा नं. ३ र ४ बसाहा रु. १०,००,०००।-
३, कटहरे खानेपानी चौदण्डी-१ रु. १००,०००।-
४, भिमा खानेपानी वडा नं. ८ रु. ३,००,०००।-
५, डयाम्रिरे खानेपानी ९ र ६ रु. २,२५,०००।- (घेराबेरा र विपन्न लाई अनुदान समेत)
६, बेल्टार होक्से खानेपानी आयोजना वडा नं. ६ रु. ३,००,०००।-
७,

<u>नि.नं.१३</u> प्रस्ताव नम्बर १३ माथि छलफल गर्दा वडा नं. ६ को शहरी स्वास्थ्य केन्द्र स्थापनाको लागी नगर बाट बजेटको समेत व्यवस्था भएको हुँदा उक्त वडा नं. ६ मा शहरी स्वास्थ्य केन्द्र स्थापना तथा कर्मचारी छनौटको लागि तपसिलको छनौट समिति गठन गरी सूचना प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

<u>तपसिल</u>

Scanned by CamScanner

(१) श्री तेज बहादुर पोरखरेल - संयोजक
(२) श्री परशुराम राई -
(३) श्री कमल ध्वज राई -
(४) श्री जंगम राई -
(५) श्री जानुका कमर -

नि.नं.१४ प्रस्ताव नम्बर १४ माथि छलफल गर्दा वडा नं. ३ बस्ने - गुनराज ~~बस्नेतको~~ बरालको माग निवेदनको सम्बन्धमा थप आवश्यक जाँच बुझ गरी सहयोग गर्ने निर्णय गरियो ।

नि.नं.१५ प्रस्ताव नम्बर १५ माथि छलफल गर्दा यस नगरपालिकाले अमानतमा खानीजन्य पदार्थ उत्खनन गरेको र उक्त कार्यमा खटाई राजस्व संकलन गर्ने कार्यको लागि व्यक्तिहरूलाई खटाइएको हुँदा उक्त कार्यमा खटिने व्यक्तिहरूलाई निजहरूले संकलन गरेको रकमको २०% रकम पारिश्रमिक वापत उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.१६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा वडा नं. ५ को गत आ.व.को बाँकी मौज्दात रकम उक्त वडाको कार्यालय व्यवस्थापनमा खर्च गर्ने भनी वडा बाट निर्णय भई अनुमोदनको लागि पेश भएको हुँदा सोही बमोजिम वडा नं. ५ को गत आ.व.को बाँकी रकम उक्त वडाको कार्यालय व्यवस्थापनमा खर्च गर्ने निर्णय गरियो ।

नि.नं.१७ प्रस्ताव नम्बर १७ माथि छलफल गर्दा वडा नं. ५ सिवाहना पर्ने त्रियुगा नदीमा सवारी आवत जावत गर्ने कार्यलाई सहज बनाउनको लागि नपा. बाट बजेट विनियोजन गरी अस्थायी ट्र्याक निर्माण गरिएकोमा मिति २०७८।८।११ गतेको अविरल वर्षाको कारण पूर्ण रूपमा बगाई लगेको र सो को भुक्तानी समेत नभएको र पुनः ट्र्याक निर्माण गर्नुपर्ने भएको हुँदा सोको स्थलगत रूपमा विस्तृत अनुगमन गरी भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

Scanned by CamScanner